# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ
## गण्डकी प्रदेश, नेपाल

काठेखोला गाउँपालिका, गाउँसभाको १९ औं अधिवेशनमा
उपाध्यक्ष श्री तेज बहादुर थापा द्वारा प्रस्तुत्
आर्थिक वर्ष २०८३/८४ को

# बजेट तथा कार्यक्रम

२०८३ असार १० गते

काठेखोला गाउँपालिका
गाउँसभाको १९ औं अधिवेशन

**गाउँसभा अध्यक्ष महोदय,**
**गाउँसभाका आदरणिय सदस्यज्यूहरु ।**

काठेखोला गाउँपालिकाको यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा उपस्थित हुनुभएका जनप्रतिनिधि साथीहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू एवं प्रविधिको माध्यमबाट हामीलाई प्रत्यक्ष सुनिरहनुभएका काठेखोला गाउँपालिकाबासी सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू सबैमा हार्दिक अभिवादन सहित जय काठेखोला व्यक्त गर्दछु।

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका ऐतिहासिक जनआन्दोलन, सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दछु। नेपाली जनताको राजनीतिक अधिकार र सामाजिक मुक्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् अमर सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, बेपत्ता नागरिकका परिवार, घाइते तथा अपाङ्गता भएका योद्धाहरू र परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय अग्रज नेताहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु।

नेपालको संविधानको धारा २३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले दिएको जिम्मेवारी बमोजिम दिगो विकास, आर्थिक रूपान्तरण, सुशासन र समृद्धिको आकांक्षाहरूलाई सम्बोधन गर्ने मूल ध्येयका साथ यस सम्मानित सभासमक्ष आगामी **आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महसुस गरेको छु। यो बजेट केवल अङ्कहरूको सङ्गालो मात्र होइन, यो आगामी वर्षमा काठेखोलाबासीले लिने विकासको गति र समृद्धिको मार्गचित्र हो।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित ऐन नियम, संघिय सरकार र प्रदेश सरकारका नीति कार्यक्रम योजना र बजेट, स्थानीय सरकार सञ्चालन ऐन २०७४ , काठेखोला गाउँपालिकाका अध्यक्षज्यूद्धारा प्रस्तुत नीति तथा कार्यक्रम, बिनियोजन विद्येक आर्थिक विद्येकको सिद्धान्त र प्राथामिकता, स्थानीय राजनैतिक पार्टी, सामाजिक अगुवाहरु र सरोकारवालाहरुले दिनुभएको सुझाव सल्लाह एवं सार्वजनिक सुनुवाई तथा काठेखोलाबासी जनता र सञ्चार माध्यमहरुबाट प्राप्त भएका सुझाव र सुधारका माग समेतलाई मुख्य आधार बनाएको छु ।

गाउँपालिकाले अङ्गीकार गरेको **"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारः समृद्ध काठेखोला निर्माणको आधार"** भन्ने मूल सोचलाई साकार रूप दिन यो बजेट एउटा बलियो खम्बा बन्नेछ। राज्य र विकासको मूल प्रवाहबाट पछाडि परेका दलित, महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, बालबालिका र ज्येष्ठ नागरिकहरूको आर्थिक एवं सामाजिक सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू समाहित गरिएका छन्। अबको हाम्रो यात्रा "सिंहदरबारको अधिकार गाउँगाउँमा" मात्र पुर्‍याउने होइन, नागरिकले आफ्नै घरदैलोमा गुणस्तरीय र प्रविधिमैत्री सेवा पाउने गरी "नागरिकमैत्री स्थानीय सरकार" को आभाष दिलाउने हो।

गाउँ टोल र बस्ती स्त्तरबाट चरणबद्ध रुपमा सुरुवात गरिएको योजना माग र छनौट प्रक्रियाहरु अपनाउदै विषयगत समिति र राजश्व परामर्श समितिले दिएको सुझावलाई आत्मसाथ गर्दै श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले

दिएको सिमाभित्र रहि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आय तथा खर्चको सिमा निर्धारण गरि स्वीकृत गरेको बजेट तथा कार्यक्रमलाई समावेश गरेको छु ।

प्रकृति र संस्कृतिको अनुपम सुन्दरता सहित भौगोलिक विविधता, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त काठेखोला गाउँपालिकालाई सदभाव र सह-अस्तित्वमा आधारित एकताबद्ध सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै नमुना गाउँपालिकाको रुपमा विकास गर्ने पहिलो मुख्य संकल्पका साथ चाहाना, विकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षालाई पुरा गर्न सेवा प्रवाहमा सहजता र सरलता प्रदान गर्न काठेखोला गाउँपालिका निरन्तर प्रयासरत छ । जनताको सवैभन्दा नजिकको सरकारको रुपमा स्थापित हरेक नागरिकहरुको घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारलाई अझ जनमैत्री तथा प्रभावकारी सेवा प्रवाह गर्न हामि सदा प्रतिवद्ध छौं ।

गाउँपालिका स्थापना भएको लामो समय भएपनि स्थानीय सरकार अझै अभ्यासकै क्रममा रहेको आन्तरिक श्रोत न्युन रहेको र साधन स्रोतको पर्याप्त र सुनिश्चित नभई सकेको अवस्थामा नागरिकको सवै माग एकैपटक सम्बोधन गर्न चुनौतीको विषय भएको छ । हाम्रो जस्तो आन्तरीक श्रोत कम भएको गाउँपालिकामा जनतालाई अधिकतम लाभ वा फाइदा दिने कार्यक्रम वा आयोजनालाई छनौट गर्ने वाध्यात्मक अवस्था गाउँपालिकाको रहेको छ । बजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरुको सहयोग र स्वामित्वलाई ख्याल गर्दै जनताका विकासका अकांक्षा र आवश्यकताहरुको बारेमा पर्याप्त अध्ययन र सुझावलाई आत्मसाथ गरेको छु । बार्षिक नीति तथा कर्यक्रम गाउँसभाका सदस्यहरुको छलफलबाट समस्याहरुका बारे पर्याप्त जानकारी प्राप्त भएको छ । गाउँसभा सदस्यहरुबाट दिईएका अमुल्य सुझाव तथा जनताका मनोभावनालाई बजेट निर्माण गर्दा पर्याप्त ध्यान दिएको छु ।संघ प्रदेश र स्थानीय तह विचको सहकार्य, सहअस्तित्व र समन्वयलाई अवलम्बन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरि जनतालाई सुलभ र गुणस्त्तरीय वा प्रवाह गरि सिंहदरबारको अधिकार नागरिकहरुको घरदैलोमै आएको जनातालाई आभाष दिलाउनुपर्ने अवसर दायित्व र चुनौति हामि माझ रहेको छ ।

गाउँपालिकाको दिगो विकास र प्रतिस्प्रधात्मक क्षमता अभिबृद्धिका लागि आगामी आ.वको बजेट विनियोजनलाई समावेसीमुलक, उत्पादनमुलक, रोजगारी बृद्धि जस्ता क्षेत्रमा केन्द्रित गर्दै करको दर भन्दा दायरा विस्तारलाई बढि जोड दिएको छु । प्रस्तुत आगामी आर्थिक बर्षको बजेट नागरिकहरुको खुसी, समृद्धि र आवश्यकतामुखी विकासलाई केन्दित गरि निर्माण गरेको छु । राज्य र विकासको मुल प्रवाहबाट पछाडि परेका लक्षितबर्ग दलित, महिला, जनजाति, अपाङ्गता, बालवालिका र जेष्ठनागरिकहरुको आर्थिक एवं सामाजिक सशक्तिकरण गरि राज्य र विकासको मुल प्रबाहमा समाहित हुने तर्फ लक्षित गरि बजेट निर्माण गरेको छु । विकास, परिवर्तन र समृद्धिको मुल मार्ग पछ्याउदै "हाम्रो गाउँपालिका, राम्रो गाउँपालिका" निर्माणको यो अभियानमा काठेखोला गाउँपालिका हरेक नागरिकहरुको साथ सहयोग र ऐक्यवद्धताका लागि हार्दिक अपिल गर्दछु ।

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक बर्ष २०८३/०८४ का बजेटका उद्देश्यहरु सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- पर्यटनमैत्री पूर्वाधार विकासमा जोड दिई पर्यटन उद्योगलाई विस्तार एवं लगानी गर्ने, स्वरोजगारका लागि पर्यटन विकास तथा प्रवर्द्धन, आन्तरिक कृषि उत्पादन लागयतका विभिन्न सिप विकास कार्यक्रम मार्फत गाउँपालिकाको आर्थिक विकास गर्ने
- कृषि क्षेत्रलाई आधुनिकिकरण र ब्यवसायीकरण गरि उत्पादन बृद्धि गर्दै गाउँबासिको जिवनस्तरमा सुधार ल्याउन मानविय पूँजि विकास तथा भौतिक पूर्वाधारको विकास गर्दै दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्ने ।
- आधारभुत पूर्वाधारहरुको निर्माण र विकास गरी स्थानी सरकारको आधारभुत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- गुणस्तरीय स्वास्थ्य र शिक्षामा सुधार गर्ने ।
- बातावरण सन्तुलन तथा विपद् व्यवस्थापनलाई अन्तर आवद्धताको विषयको रुपमा विकास गर्ने ।
- आवश्यक्ताका आधारमा स्वच्छ खानेपानीको ब्यवस्था गर्ने ।
- सामाजिक समावेशिताको नीति अवलम्बन गर्दै लक्षित समुदायका बर्गहरुलाई आर्थिक एवं सामाजिक सशक्तिकरणको माध्यमबाट विकासको मुल प्रबाहमा समाहित गर्न समावेशी र सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने ।
- लैङ्गिकमैत्री सामाजिक विकासमा जोड दिने
- महिला, दलित, जनजाती, विपन्न, उपेक्षित र गरिविको रेखामुनी रहेका नागरिकहरुलाई सामाजिक आर्थिक समानता कायम गर्न अग्रसर हुने ।
- बिपद जोखिम न्यूनिकरण, उद्धार राहत एवं वन बातारण र जलाधार संरक्षण गर्ने ।
- अर्थतन्त्रलाई चलायमान बनाउन उत्पादन र उत्पादकत्वमा जोड दिदै आर्थिक विकासका समग्र क्षेत्रहरु विच गतिशिल अन्तसरसम्बन्ध कायम गर्ने ।
- उपलब्ध श्रोत र साधनको सन्तुलित समन्यायिक वित्तरणको माध्यामबाट समानुपातिक विकास हासिल गर्ने ।
- स्थानीय सरकारबाट प्रबाह हुने सेवालई छरिटो सहज, सुलभ र प्रविधिमैत्री वनाई जन विश्वास हासिल गर्ने ।
- गाउँपालिकाबाट प्रदान गरिने क्रियाकलापहरु तथा सेवा प्रवाहमा समानुपातिक, समावेशि र न्यायोचित रुपमा वित्तरण गर्ने ।
- नगारिकहरु खुसी र सन्तुष्टी हुने गरि सेवा प्रवाह गर्ने ।
- भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्दै, वित्तिय अनुशासन, पारदर्शिला र उत्तरदायी शासकीय व्यवस्था मार्फत सुशासनको प्रवर्द्धन गर्ने ।

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्राथामिकताका सुचीहरु सभामा प्रस्तुत गर्न चाहान्छु ।

- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा ब्यापक सुधार ।
- उद्यमशीलतको विकास, पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना ।

- आत्मनिर्भर, स्वरोजगार सहितको सिप विकास कार्यक्रम ।
- दलित समुदायका नागरिकहरुको सुरक्षित र स्वस्थ्य जीवनको सुनिश्चितता ।
- स्वास्थ्य सेवाको सुदृढिकरण मार्फत स्वस्थ्य जीवनको सुनिश्चितता ।
- दिगो गुणस्तरीय भौतिक पुर्वाधार ।
- लक्षित समुदायको आर्थिक एवं सामाजिक सशक्तिकरण
- गुणस्त्ररीय शिक्षा र सामाजिक विकास मार्फत सुसंस्कृत समाज निर्माण ।
- सेवा प्रावहमा नागरिकहरुको सहज पँहुच र सुशासन अभिवृद्धि ।
- नागरिकहरुको सुरक्षा तथा विपद व्यवस्थापन ।
- जलबायु परिवर्तन तथा बातावरणिय सन्तुलन कायम ।
- बालमैत्री र पोषण मैत्री पालिका निर्माण गर्ने ।

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अव म आर्थिक बर्ष २०८१/०८२ को यथार्थ खर्च २०८२/०८३ को संशोधित अनुमान र आ.व २०८३/०८४ को अनुमानित आय व्यय विवरण यस सभामा पेश गर्न चाहान्छु ।

| क्र.स | आ.व | चालु खर्च | पूँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | २०८१/०८२ को यथार्थ खर्च | ३६,९४,७५,९४१/- | १६,४१,५४,८३५/- | ५३,३६,३०,७७६/- |
| २ | २०८२/०८३ शोधित अनुमन | ४१,८७,९९,०००/- | १७,०४,२४,०००/- | ५८,९२,२३,०००/- |
| ३ | २०८३/०८४ को प्रस्तावित अनुमान | ४३,५५,००,०००/- | १८,५०,००,०००/- | ६२,०५,००,०००/- |

आ.व २०८३/०८४ को अनुमानित बार्षिक आय विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स | विवरण/श्रोत | रकम रु. |
|---|---|---|
| | **संघिय सरकार** | |
| १ | समानिकरण अनुदान | ९,८८,००,०००/- |
| २ | सशर्त अनुदान चालु | ३२,२५,००,०००/- |
| ३ | सशर्त अनुदान पूँजिगत | ४२,००,०००/- |
| ४ | समपुरक अनुदान पूँजिगत | २,१२,००,०००/- |
| ५ | बिशेष अनुदान पूँजिगत | १,७०,००,०००/- |
| | **जम्मा** | **४६,३७,००,०००/-** |
| | **प्रदेश सरकार** | |
| १ | समानिकरण अनुदान | १,२७,०४,०००/- |
| २ | समपुरक अनुदान | ६००००००/- |
| ३ | बिशेष अनुदान | ३९२५०००/- |
| | **जम्मा** | २,२६,२९,०००/- |

| राजश्व बाँडफाँट | | |
|---|---|---|
| १ | संघिय सरकरको राजश्व बाँडफाटँ | ८,५१,७६,०००/- |
| २ | प्रदेश सरकारको राजश्व बाँडफाँट | ९७,३०,८०३/- |
| ३ | स्थानीय सरकारको राजश्व बाँडफाटँ | ५,००,०००/- |
| ४ | रोयल्टी | ४५,०००/- |
| जम्मा | | ९५४५१८०३ |
| आन्तरीक श्रोत | | |
| १ | आन्तरीक आय | ८८,००,०००/- |
| २ | संचित कोषबाट अल्या हुने अनुमानित रकम | २९९१९१९७/- |
| जम्मा | | ३८७१९१९७/- |
| कुल जम्मा आय | | ६२,०५,००,०००/- |

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अव म आ.व २०८३/०८४ का लागि संवोधन गरीकएका सर्शत अनुदान र पालिका तर्फका प्रस्तावित क्षेत्रगत तथा कार्यक्रमगतको बार्षिक ब्यय विवरण देहायबमोजिम संक्षेपमा पेश गरेको छु ।

| क्र.स | ब्यय विवरण | प्रस्तावित रकम | |
|---|---|---|---|
| **संघिय सरकार तर्फका योजना** | | | |
| १ | सशर्त अनुदान पूँजिगत तर्फका कार्यक्रम | ४२०००००/- | ४२ लाख |
| २ | सशर्त अनुदान तर्फका विभिन्न क्षेत्रगतका चालु कार्यक्रम | ३२२५००००/- | ३२ करोड २५ लाख |
| ३ | संघिय सरकार समपुरक अनुदान | २१२०००००/- | २ करोड १२ लाख |
| ४ | संघिय सरकार विशेष अनुदान | १७००००००/- | १ करोड सत्तरी लाख |
| **प्रदेश सरकार तर्फका योजना** | | | |
| १ | प्रदेश सरकार समपुरक अनुदान | ६००००००/- | ६० लाख |
| २ | प्रदेश सरकार विशेष अनुदान | ३९२५०००/- | ३९ लाख २५ हजार |
| **गाउँपालिकाका विषयगत /वडागत तथा पालिकास्तरीय योजना तथा कार्यक्रम** | | | |
| १ | कार्यालयको कार्यालय संचालन तथा प्रशासनिक खर्च | ८३००००००/- | ८ करोड तीस लाख |
| २ | वडा समिति बाट बिनियोजन हुने योजनाहरु | ३७००००००/- | ३ करोड ७० लाख |
| ३ | आर्थिक विकास | ६५०००००/- | ६५ लाख |
| ४ | सामाजिक विकास | २००००००००/- | २ करोड |
| ५ | बन बातावरण तथा विपद ब्यवस्थापन | २५०००००/- | २५ लाख |
| ६ | सुशासन तथा संस्थागत विकास | २५०००००/- | २५ लाख |
| ७ | लक्षित बर्ग विकास कार्यक्रम र खेलकुद | ७००००००/- | ७० लाख |
| ८ | वडा समपुरक योजना | ६२०००००/- | ६२ लाख |
| ९ | मेशिनरी तथा औजार / फर्निचर फिक्चर्स | २००००००/- | २० लाख |
| १० | कृषि यान्त्रिकिकरण साझेदारी | ५००००००/- | ५० लाख |
| ११ | समपुरक कोष तर्फका योजनाका लागि साझेदारी | २५००००००/- | २ करोड ५० लाख |
| १२ | प्रशासनिक भवन निर्माण तथा ब्यवस्थापन | १५००००००/- | १ करोड ५० लाख |

| | | | |
|---|---|---|---|
| १३ | वडा तथा पालिका स्तरीय पूर्वाधार मर्मत सम्भारका योजना | २५०००००/- | २५ लाख |
| १४ | उज्यालो काठेखोला साझेदारी कार्यक्रम | १५०००००/- | १५ लाख |
| १५ | बिद्यालय ई हाजिरी जडान ब्यवस्थापन | १६०००००/- | १६ लाख |
| १६ | बालमैत्री र पोषणमैत्री कार्यक्रमको सुरुवात | १००००००/- | १० लाख |
| १७ | भुक्तानी बाँकीका योजना | ३००००००/- | ३० लाख |
| १७ | पालिका स्तरीय पूर्वाधार निर्माण तथा विकास योजनाहरु | २४३७५०००/- | २ करोड ४३ लाख ७५ हजार |

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिका लागि केही योजना तथा कार्यक्रमहरुको सार संक्षेप सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

- सवै वडाको वडागत माग, समस्या र आवश्यक्तालाई संवोधन गर्न वडास्त्तरीय सवै क्षेत्रमा वडा समितिबाट विनियोजन हुने गरि यस वर्ष ३ करोड ७० लाख रुपैयाँ विनियोजन गरेको छु ।
- संघ, प्रदेश लगायत विभिन्न निकायसँगको साझेदारी गर्नका लागि समपुरक योजनाहरु कार्यान्वयनका लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु ।
- आ.व २०८१/०८२को राजश्व संकलनलाई आधार बनाई प्रत्येक वडाले संकलन गरेको राजश्व बरावर सोही वडाको विकासका लागि खर्च गरि वडा सिलिङबाट त्यतिनै थप गरि १ /१ वटा पूर्वाधारका योजना कार्यान्वयन हुने गरि वडा समपुरक कोषमा रु ६२ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको भवनको बिस्तृत आयोजना प्रतिवेदन तयार गरि यस बर्ष निमार्ण कार्यको सुरुवात गर्न १ करोड ५० लाख रुपैयाँ बिनियोजन गरेको छु ।
- ८ वटै वडा भित्रका मोटरबाटो सरसफाई गरी यात्रा सहज बनाउन आवश्यकताका आधामा सडक मर्मत सम्भार गर्नका लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।
- ढोलकाटे चोक तंग्राम वडाकार्यालय भवन सातलेस हुँदै धम्जा देउराली ताराखोला जोड्ने सडक सडक स्तरउन्नती गर्न संघिय सरकारको समपुरक अनुदान रु १ करोड २७ लाख र नियमानुसार पालिकाको ब्यहोर्ने समपुरक कोषका लागि आवश्य बजेट बिनियोजन गरेको छु ।
- बा.न.पा देखि भिमापोखरा मुल धम्जा सायँकोट तंग्राम विहु देउराली लेखानी रेश हुँदै भकुण्डे जोड्ने सडक संघिय सरकारको समपुरक रु ८५ लाख र र नियमानुसार पालिकाको ब्यहोर्ने समपुरक कोषका लागि आवश्य बजेट बिनियोजन गरेको छु ।
- धाउखोला बगर सिचाँई योजनाको लागि संघिय सरकारको विशेष अनुदान तर्फ रु ६९ लाख ६७ हजार विनियोजन गरेको छु ।
- डाङ्गेखोला ढोटेपाटा पिडाल्ना सिचाई योजनाको लागि संघिय सरकोको विशेष अनुदान तर्फ रु १ करोड ३३ हजार विनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिका वडा नं ५ को घोडाबाधेमा ड्रिलिङ खानेपानी योजनाको लागि प्रदेश सरकारको विशेष अनुदान मा रु ३९ लाख २५ हजार विनियोजन गरेको छु ।
- कुमाले देखि धारचोक हुदै वडा नं २ वडा कार्यालय जोड्ने सडक स्तरउन्नतीका लागि प्रदेश सरकमारको समपुरक अनुदान रु ६० लाख र नियमानुसार पालिकाको ब्यहोर्ने समपुरक कोषका लागि आवश्य बजेट बिनियोजन गरेको छु ।

- पालिकास्तरीय पूर्वाधार विकास योजना र रुग्ण योजनाहरु, कार्यान्वयनका लागि तरु २ करोड ४३ लाख ७५ हजार बिनियोजन गरेको छु ।
- आ.व २०८२/०८३ को भुक्तानी बाँकी योजनाको लागि रु ३० लाख बनियोजन गरेको छु
- आधारभुत तथा माध्यामिक शिक्षा लाई गुणस्तरिय बनाउन शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम संचालन गर्ने, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रवृति कार्यक्रमको निरन्तरता, आधारभूत सिकाइ (Foundational Learning) प्रवर्द्धन कार्यक्रम संचालन, सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम संचालन, स्वीकृत गुरुयोजनाका आधारमा विद्यालय पूर्वाधार विकास कार्यक्रम ,स्थानीय पाठ्यक्रम, लगातय समग्र शिक्षा क्षेत्रको विकासका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयहरुमा ई हाजिरि जडान तथा ब्यवस्थापनका लागि रु १६ लाख बजेट बनियोजन गरेको छु ।
- बालमैत्री स्थानीय शासनको र पोषणमैत्री गाउँपालिका निर्माणका लागि यस बर्ष देखि सुरुवात गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु ।
- उज्यालो काठेखोला कार्यक्रम अन्तर्गत आवश्यकता र नागरिक साझेदारीका आधारमा सडक बत्ति जडान ब्यवस्थापनका लागि रु १५ लाख बजेट बिनियोजन गरेको छु ।
- समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (तथा जनचेतना कार्यक्रम सञ्चालन, स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरु, मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम, प्रजनन् रुग्णता स्वास्थ्य सेवा, आयुर्वेद सेवा कार्यक्रम मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च, पोषण कार्यक्रम, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि तोकिएबमोजिमका निशुल्क औषधि बित्तरण, "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम लगायत समग्र स्वास्थ्य क्षेत्र सुधारका लागि आवश्यक बजेट बिनियोजन गरेको छु
- उद्यमशीलता, रोजगारी मुलक, सशक्तिकरण सीप विकास तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम, कुकुरमा रेबिज नियन्त्रण कार्यक्रम कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम, पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोटिङ्ग कार्यक्रम, माटो स्वास्थ्य सुधार कार्यक्रम, आ.व.२०८२/८३ मा सञ्चालित पकेट विकास कार्यक्रमको निरन्तरता, सहकारी संस्थाको नियमन, लघु उद्यम विकासका कार्यक्रम, लगायत समग्र आर्थिक विकास क्षेत्रको बिकास गरि उत्पादन र उत्पादकत्व बृद्धि गरि बजारीकरण प्रवर्द्धन समेतका लागि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- कृषि यान्त्रिकिकरण साझेदारी कार्यक्रमका लागि रु ५० लाख बजेट बिनियोजन गरेको छु ।
- बिपद ब्यवस्थापन ,उद्दार राहत लागयतका कार्यक्रमका लागि रु २५ लाख बिनियोजन गरेको छु ।
- सेवा प्रवाहलाई सरल, सहज र जफावदेही बनाउन सुशासन तथा संस्थागत विकास का लागि रु २५ लाख विनियोजन गरेको छु ।
- कार्यालयका कर्मचारीहरुको तलव भत्ता तथा सुविधा संघिय सरकारको बजेट संग एकरुपता कायम गर्दै कार्यालय संचालन संग सम्बन्धी सम्पूर्ण अनिवार्य दायित्वको भुक्तानी गर्न रु ८ करोड ३० लाख बिनियोजन गरेको छु ।
- लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरणमा जोड दिँदै महिला अपाङ्ग, बालवालिका , जेष्ठ नागरिक आदिबासि जनजाती लक्षित कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

➢ कला संस्कृति तथा खेलकुद क्षेत्रको विकासमा  का लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

बिषय तथा क्षेत्रगत रुपमा उल्लेखित बजेटलाई गाउँपालिकाका योजनाहरु वडाबाट सिफारिश भई आएका योजनाहरु गाउँपालिकाबाट सवै वडामा सञ्चालन हुने साझा योजनाहरुको विस्तृत विवरण अनुसुचीमा उल्लेख गरिएको छ ।

**सभा अध्यक्ष ज्यू एवं सभा सदस्य ज्यूहरु**

अन्तमा आगामी आ.व २०८३/०८४ का लागि विनियोजित बजेट तथा प्रस्तावित कार्यक्रमहरुको सफल कार्यान्वियन गर्न स्थानीय आन्तरिक कर दस्तुर, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुनेसक्ने सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानका श्रोतहरुको आधारमा विनियोजनाको व्यवस्था मिलाएको छु । आ.व २०८३/०८४ का योजना तथा कार्यक्रमहरु सफल, सार्थक र उत्साहजनक कार्यान्यनका लागि सवैको सकृय सहयोग एवं भुमिकाको अपेक्षा गर्दछु ।  योजना तथा कार्यक्रमहरुलाई विकास, परिवर्तन र समृद्धिसँगै नागरिकहरुको उत्पादन र आर्थिक आम्दानीसँग जोड्न सवै योजना तथा कार्यक्रमहरुमा जनसहभागिता बढाउन विशेष ध्यान दिन हार्दिक अनुरोध गर्दछु ।आगामी आ.व मा बजेट कार्याक्रम कार्यान्वयनमा सवै क्षेत्रको सक्रिय साथ र सहयोगका लागि सम्पूर्ण जनप्रतिनिधि समस्त राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दल, सामाजिक अभियान्ताहरु, विज्ञ एवं विद्धान व्यक्तित्वहरु लगायत आम काठेखोला बासी आमावबुवा ,दाजुभाई तथा दिदिबहिनिहरुको साथ, सहयोग तथा उत्साहजनक सहभागिता रहने छ भन्ने आशा एवं विश्वास गरेको छु ।

धन्यवाद ।

१० असार २०८३

तेज बहादुर थापा
उपाध्यक्ष